**समावेश कागजात**

**रकम स्थानान्तरण प्रदायक खातामा पारिश्रमिक भुक्तानी सम्बन्धि स्वीकृति फारम (सन्दर्भ उदाहरण)**

श्री (रोजगारदाताको नाम) ज्यू,

म (कामदारको नाम), रकम स्थानान्तरण प्रदायक खातामा पारिश्रमिक भुक्तानीको सन्दर्भमा निम्न कुराहरू सुनिश्चित गर्दछु।

□ रोजगारदाताबाट पारिश्रमिक भुक्तानी गर्ने विधिको रूपमा श्रम कल्याण मन्त्रीद्वारा तोकिएको रकम स्थानान्तरण प्रदायक (यसपछि "निर्दिष्ट रकम स्थानान्तरण प्रदायक" भनिएको) को खाता (यसपछि "निर्दिष्ट रकम स्थानान्तरण प्रदायक खाता" भनिएको) को अलावा बचत खाता (बैंक खाता, आदि), वा सामान्य प्रत्याभूति खातामा पारिश्रमिक भुक्तानी पनि विकल्पको रूपमा प्रस्तुत गरिएको कुरा।

□ रोजगारदाता वा रोजगारदाताद्वारा तोकिएको निर्दिष्ट रकम स्थानान्तरण प्रदायकबाट पछाडि (अर्को पृष्ठमा) व्याख्या गरिएको ख्याल गर्नुपर्ने तथ्यहरू प्राप्त गरी त्यसको बेहोरा सुनिश्चित गरिएको कुरा।

त्यस्तै, म (कामदारको नाम), रकम स्थानान्तरण प्रदायक खातामा पारिश्रमिक भुक्तानीको सन्दर्भमा निम्न अनुसार चयन गर्दछु।

□ म (कामदारको नाम) निम्न विवरणहरू सुनिश्चित गरिसकेपछि निर्दिष्ट रकम स्थानान्तरण प्रदायक खातामा पारिश्रमिक भुक्तानीका लागि सहमत हुनुका साथै, त्यसको व्यवस्थापन निम्न अनुसार गर्न प्रस्ताव गर्दछु।

□ म (कामदारको नाम) निर्दिष्ट रकम स्थानान्तरण प्रदायक खातामा पारिश्रमिक भुक्तानीका लागि सहमत छैन। (यहाँ चयन गरेको खण्डमा निम्न कुराहरू प्रविष्ट गर्नु आवश्यक छैन।)

**विवरण**

१. निर्दिष्ट रकम स्थानान्तरण प्रदायक खातामा रकम स्थानान्तरण गर्ने इच्छित पारिश्रमिकको दायरा र त्यसको रकम

※निर्दिष्ट रकम स्थानान्तरण प्रदायक खाताबाट स्वीकार गर्न सकिने अधिकतम रकम दस लाख येन वा सो भन्दा कम तोकिएको छ। इच्छित पारिश्रमिकको दायरा र त्यसको रकमबारे पछाडि (अर्को पृष्ठमा) व्याख्या गरिएको ख्याल गर्नुपर्ने तथ्यहरू "२. रकम स्थानान्तरण प्रदायक खाताको रकम" सुनिश्चित गरिसकेपछि समायोजन गर्न आवश्यक छ।

क. नियमित ज्याला येन

ख. बोनस येन

ग. सेवानिवृत्ति भत्ता येन

२. कामदारले तोकेको निर्दिष्ट रकम स्थानान्तरण प्रदायकको नाम, सेवाको नाम, खाता नम्बर (खाता आईडी) र मनोनित सदस्य (त्यस बाहेक खाता पहिचान गर्नका लागि आवश्यक जानकारी भएमा सोको विवरणहरू)

निर्दिष्ट रकम स्थानान्तरण प्रदायकको नाम

रकम स्थानान्तरण सेवाको नाम

खाता नम्बर (खाता आईडी)

मनोनीत व्यक्ति

(त्यस बाहेक आवश्यक भएमा खाता पहिचान गर्न आवश्यक जानकारी (उदाहरण: कामदारको फोन नम्बर, आदि))

३. निर्दिष्ट रकम स्थानान्तरण प्रदायक खातामा भुक्तानीको वांछित सुरु मिति

साल महिना गते

४. वैकल्पिक खाताको रूपमा तोकिएको वित्तीय संस्थाको शाखाको नाम र निक्षेप वा बचतको प्रकार साथै खाता नम्बर र तोकिएको प्रत्याभूति कम्पनीको शाखाको नाम साथै सामान्य प्रत्याभूति खाताको खाता नम्बर, मनोनीत व्यक्ति

※यो खाता निर्दिष्ट रकम स्थानान्तरण प्रदायक खाताको स्वीकृत अधिकतम रकम नाघी कामदारले सो भन्दा बढी रकम प्राप्त गरेमा वा निर्दिष्ट रकम स्थानान्तरण प्रदायकको विफलतामा प्रत्याभूति गर्ने संस्थाबाट परिपूर्ति हुने अवस्थामा प्रयोग हुने अपेक्षा गरिएको छ।

वित्तीय संस्थाको शाखाको नाम साथै प्रत्याभूति गर्ने संस्थाको शाखाको नाम

खाता नम्बर

मनोनीत व्यक्ति

साल महिना गते

पुरा नाम

**रकम स्थानान्तरण प्रदायक खातामा पारिश्रमिक भुक्तानीको सन्दर्भमा ख्याल गर्नुपर्ने कुराहरू**

रकम स्थानान्तरण प्रदायक भनेको रकम व्यवस्थापन सम्बन्धि ऐन (सन् २००९ को ऐन नम्बर ५९, यसपछि "रकम व्यवस्थापन ऐन" भनिएको)मा आधारित प्रधानमन्त्रीको सिफारिसमा (वित्तब्यूरो निर्देशकलाई हस्तान्तरण गरिएको) बैङ्क वा अन्य वित्तीय संस्था बाहेकको मुद्रा व्यापार(विनिमय लेनदेन)मा संलग्न संस्था हो।

१. कामदारको सहमति

रोजगारदाता वा रोजगारदाताद्‌वारा निर्धारित निर्दिष्ट रकम स्थानान्तरण प्रदायकले कामदारहरूका निमित्त निम्न तथ्यहरूको वर्णन नगरी हुँदैन। त्यस्तै रकम स्थानान्तरण प्रदायक खातामा पारिश्रमिक भुक्तानी गर्दा, रोजगारदाताले कामदारहरूका लागि पारिश्रमिक भुक्तानी गर्ने विधि चयनका साथै नगद वा रकम स्थानान्तरण प्रदायक खाताको अतिरिक्त, बचत खाता (बैंक खाता) वा सामान्य प्रत्याभूति खातामा पारिश्रमिक भुक्तानी सहितको प्रस्ताव गर्नेपर्छ। यदि रोजगारदाताले कामदारलाई पारिश्रमिक भुक्तानी गर्ने विधिमा “नगद” वा “रकम स्थानान्तरण प्रदायक खाता”को दुईवटा विकल्प मात्र प्रस्ताव गरेमा वा यदि औपचारिक रूपमा विकल्प प्रस्ताव गरी पर्याप्त रूपमा कामदारलाई रकम स्थानान्तरण प्रदायक खातामा पारिश्रमिक भुक्तानी गर्न बाध्य पारेमा, श्रम मापदण्ड ऐन (सन् १९४७, ऐन नम्बर ४९) धारा २४ को उल्लङ्घन भई रोजगारदाता दण्डको अधीनमा हुन्छ।

२. रकम स्थानान्तरण प्रदायक खाताको रकम

रकम स्थानान्तरण प्रदायक खाताको रकम बचत खाताको निक्षेपसँग फरक विनिमय लेनदेन (रेमिट्यान्स र भुक्तानी समायोजन आदि)को उद्देश्य भएको कुरा हो। कामदारले रकम स्थानान्तरण प्रदायक खातामा पारिश्रमिक भुक्तानी प्रयोग गर्दा, खातामा स्थानान्तरण गरिने पारिश्रमिकको रकम विनिमय लेनदेन (रेमिट्यान्स वा भुक्तानी समायोजन आदि)को लागि प्रयोगको दायरा भित्र रही, रेमिट्यान्स वा भुक्तानी समायोजनका लागि प्रयोग नभएको रकम रहिरहन दिनु आवश्यक छैन। यसका लागि, रकम स्थानान्तरण प्रदायक खातामा रकम स्थानान्तरण गर्न चाहिने पारिश्रमिकको दायरा साथै त्यो रकम (इच्छित रकम, आदि) कामदारहरूको वास्तविक र अपेक्षित उपयोगमा आधारित हुनु आवश्यक छ। त्यस्तै इच्छित रकम आदि निर्धारण गर्दा रकम स्थानान्तरण प्रदायकले तोकेको खाता मौज्दातको माथिल्लो सीमा (दस लाख येन वा कम) र यदि निर्दिष्ट रकम स्थानान्तरण प्रदायकले प्रति दिन निकासीको अधिकतम निकासी रकम निर्धारण गर्दछ भने त्यो सीमा रकम भन्दा कम निर्धारण गर्नु आवश्यक छ।

त्यस्तै, पारिश्रमिक भुक्तानी गर्न अनुमति दिने र रकम स्थानान्तरण प्रदायक खातामा स्वीकार गर्न सकिने रकमको अधिकतम सीमा दस लाख येन हो। यसकारण पारिश्रमिक भुक्तानीका लागि खाताको अधिकतम सीमाभन्दा बढी रकम भएमा रेमिट्यान्स पाउने वित्तीय संस्थाको नाम, साथै प्रत्याभूति गर्ने संस्थाको नाम र खाता नम्बर इत्यादिको अग्रिम दर्ता गर्नु आवश्यक छ। यदि रकमले माथिल्लो सीमा नाघेमा, अग्रिम दर्ता गरिएको बचत खाता, आदिमा रकम स्थानान्तरण प्रदायकले स्थानान्तरण गर्नेछ, तर त्यस अवस्थामा, रेमिट्यान्स प्रक्रिया शुल्क वहन गर्न भनिन्छ।

३. रकम स्थानान्तरण प्रदायकको विफलतामा प्रत्याभूति

बैंक आदि वित्तीय संस्था विफल भएमा निक्षेप बीमा ऐनमा आधारित निक्षेप बीमा प्रणाली मार्फत् निक्षेपको एक निश्चित रकम तत्काल सुरक्षित गरिन्छ तर पारिश्रमिक भुक्तानी दाखिल गर्दा रकम स्थानान्तरण प्रदायक विफल भएमा निक्षेप बीमा प्रणालीको लागू हुँदैन। रकम स्थानान्तरण प्रदायक विफल भएमा रकम स्थानान्तरण प्रदायकसँग प्रत्याभूति प्रेषण सम्झौता आदि सम्पन्न गरेको संस्थाद्‌वारा, कामदार र संस्था बीचको प्रत्याभूति सम्झौता, आदि को आधारमा तत्काल कामदारलाई खाता मौज्दातको पूर्ण रकम परिपूर्ति गर्ने संरचना बनेको छ।

४. रकम स्थानान्तरण प्रदायक खाताको रकम निकासीमा धोकावाजी भएमा त्यसको क्षतिपूर्ति

पारिश्रमिक भुक्तानी गर्न अनुमति दिइएको रकम स्थानान्तरण प्रदायक खाताको रकम कामदारको इच्छा विपरीत अनाधिकृत व्यक्तिले दिएको निर्देशन आदिमा कामदारलाई दोष दिन नसकिने कारणले गर्दा खातामा रहेको रकम अनाधिकृत रूपमा निकासी भएमा, कामदारको गल्ती नभएको खण्डमा नोक्सानीको पूरा रकम क्षतिपूर्ति दिइनेछ। त्यस्तै कामदारको गल्ती भएमा नोक्सानीको लागि समान रूपमा क्षतिपूर्ति नदिइने तर कम्तिमा व्यक्तिगत रूपमा व्यवहार गरिनेछ। यद्यपि, कामदारहरूका आफन्त आदि द्‌वारा पैसा फिर्ताको माग भएमा वा कामदारले रकम स्थानान्तरण प्रदायकलाई झूटा स्पष्टीकरण आदि दिएमा यो लागू हुँदैन। त्यस्तै नोक्सानी मितिबाट निश्चित समय भित्र कामदारले रकम स्थानान्तरण सेवा प्रदायकलाई सूचित गर्दछ र यदि रकम स्थानान्तरण प्रदायकद्‌वारा क्षतिपूर्तिको लागि आवश्यकता हो भने उक्त अवधि कम्तिमा नोक्सानी मितिबाट ३० दिन वा सोभन्दा बढी सुनिश्चित गरिएको छ।

५. रकम स्थानान्तरण प्रदायक खाताको रकम निश्चित अवधि भित्र प्रयोग नगर्दाका प्राप्यहरू

पारिश्रमिक भुक्तानी गर्न अनुमति दिइएको रकम स्थानान्तरण प्रदायक खाता मौज्दातको सम्बन्धमा रकम स्थानान्तरण प्रदायकले प्रयोगका सर्तहरू, आदि अनुसार म्याद समाप्त हुने मिति तोकेमा खाता मौज्दातको अन्तिम परिवर्तन भएको मितिबाट कम्तिमा १० वर्षको अवधि दायित्व बहनको लागि उपलब्ध गराउनु पर्ने हुन्छ।

६. रकम स्थानान्तरण प्रदायक खाताको रकमको नगद क्षमता

पारिश्रमिक भुक्तानी गर्न अनुमति दिइएको रकम स्थानान्तरण प्रदायक खाताको रकम स्वचालित नगद भुक्तानी मेसिन (सिडि) वा स्वचालित टेलर मेसिन (एटियम)को प्रयोग वा बचत खातामा निकासी आदि को मुद्रा प्राप्त गर्ने अवस्थाको माध्यम मार्फत् रकम स्थानान्तरण प्रदायक खाताको रकम एक येनको एकाइमा भुक्तानी गर्न सकिन्छ। त्यस्तै कम्तिमा महिनाको एक पटक कामदारलाई बिना शुल्कको बोझ रकम स्थानान्तरण प्रदायक खाताबाट भुक्तानी दिन सकिन्छ।

(यति नै)